annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३३१ पृष्ठ ८ | काठमाडौं, सोमबार २५ चैत २०८१ | चैत्र शुक्लपक्ष दशमी, नेपाल संवत् ११४५ | MONDAY, APRIL 7, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



झापामा पक्राउ परेका तीन भुटानी शरणार्थी। जसलाई अमेरिकाले भुटान डिपोर्ट गरेको थियो। तर, भुटानले स्वीकार नगरी सीधै भारतीय नाकामा ल्याएर छोडेको थियो, त्यहाँबाट उनीहरू झापा पुगेका थिए। ● अन्नपूर्ण फाइल

कभर स्टोरी

# देश के हो, भुटानी शरणार्थीलाई सोध्नू

## डिपोर्टपछिको वेदना

सन् १९९० को अन्त्यतिर भुटानले नेपालीभाषी भुटानीलाई लखेट्यो, नेपालमा शरणार्थी बने। दर्जनौं वार्ता र संवाद भए, भुटानले मरिगए फिर्ता लिन मानेन। देशको माया मार्न लगाएर उनीहरूलाई सात समुद्रपारि अमेरिकालगायतका देशमा पुनर्वास गराइयो। तर, अमेरिकाको राष्ट्रपतिमा डोनाल्ड ट्रम्पको दोस्रो कार्यकाल सुरु भएसँगै आप्रवासीमाथि कडा नीति लिइयो। भटाभट डिपोर्ट गर्न थालियो। त्यसमा पुनर्वास गराइएका भुटानी शरणार्थी पनि पर्न थाले। अमेरिकाले भुटानमा ल्याएर उनीहरूलाई छोड्न थालेको छ, तर भुटानले स्वीकार नगरी फेरि नेपालतर्फ धपाउन थालेको छ। त्यसैकारण, भुटानी शरणाार्थी समस्या पुनः बल्झिने जोखिम बढ्दै गएको छ।

**सुरज भण्डारी** | *अमेरिका*
**पार्थ मण्डल** | *झापा*
– को रिपोर्ट

समाचार पृष्ठ २

## अमेरिकाभर ट्रम्प विरोधी बृहत् प्रदर्शन




**वासिङ्टन डीसी** (एजेन्सी) : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको निन्दा गर्दै अमेरिकाका सबै सहरमा शनिबार बृहत् प्रदर्शन गरियो। राष्ट्रपति ट्रम्पले जनवरीमा पदभार ग्रहण गरेपछिको यो सबैभन्दा ठूलो राष्ट्रव्यापी विरोध प्रदर्शन हो।

'ह्यान्ड्स अफ' नामक विरोधका योजनाकारहरूले सबै ५० अमेरिकी राज्यहरूसहित १२ सय स्थानहरूमा जुलुस एवं प्रदर्शन आयोजना गर्ने लक्ष्य राखेका थिए। बोस्टन, शिकागो, लस एन्जलस, न्युयोर्क र वासिङ्टन डीसीलगायत अन्य सहरहरूमा हजारौं मानिस भेला भए। प्रदर्शनकारीहरूले सामाजिकदेखि आर्थिक मुद्दाहरूसम्मका ट्रम्पका एजेन्डाप्रति असन्तुष्टि जनाएका थिए।

» बाँकी पृष्ठ ६

# राजावादी आन्दोलनमा ५ करोडको क्षति दाबी

**सुनिता कार्की** | *काठमाडौं*

राजावादीको चैत १५ गते राजधानीमा भएको आन्दोलनबाट करिब ५ करोड रुपैयाँको क्षति पुगेको भन्दै बिमा दाबी गरिएको छ। राजावादीको प्रदर्शन अराजक बनेपछि निजी र सार्वजनिक सम्पत्तिमा आगजनी र तोडफोड गरिएको थियो।

राष्ट्रिय बिमा प्राधिकरणको चैत २० गतेसम्मको तथ्यांकअनुसार हुलदंगाबाट ४ करोड ८७ लाख ६८ हजार २० रुपैयाँ बराबरको क्षति भएको छ। कुल ४३ वटा सम्पत्तिमा क्षति पुगेको भन्दै बिमाको दाबी गरिएको हो। ती बिमामा इन्जिनियरिङ तथा ठेकेदार जोखिम, मोटर बिमा (निजी), सम्पत्ति बिमा र विविध अभिलेख शीर्षकमा बिमा दाबी परेको हो। करिब ४५ हजार रुपैयाँको दाबी भुक्तानी भइसकेको छ।

इन्जिनियरिङ तथा ठेकेदार जोखिम शीर्षकमा ३ वटा दाबी परेका छन् भने निजीतर्फको मोटर बिमा शीर्षकमा २२ वटा दाबी परेका छन्। यस्तै, सम्पत्ति बिमाअन्तर्गत १६ वटा दाबी परेको छ र विविध शीर्षकमा २ वटा बिमा दाबी परेको प्राधिकरणले जनाएको छ। सबैभन्दा बढी सम्पत्ति बिमामा ३ करोड ११ लाख ६६ हजार २१३ रुपैयाँको दाबी पर्दा मोटर बिमामा १ करोड २९ लाख रुपैयाँको दाबी परेको छ।

बिमालेख अनुसार बिमा दाबीको विवरण

| बिमालेख प्रकार | वास्तविक परेको दाबी संख्या | वास्तविक परेको दाबी रकम रु. | भुक्तानी भएको दाबी संख्या | भुक्तानी भएको दाबी रकम |
|---|---|---|---|---|
| इन्जिनियरिङ तथा ठेकेदार जोखिम | ३ | ३,७००,०००.०० | ० | – |
| मोटर बिमा (निजी) | २२ | १२,९००,६७७.५० | २ | ४३,८८२.५० |
| सम्पत्ति बिमा | १६ | ३१,१६६,२१३.०० | ० | – |
| प्रविधि | २ | १,००१,१३०.०० | १ | १,१३०.०० |
| जम्मा | ४३ | ४८,७६८,०२०.५० | ३ | ४५,०१२.५० |

*नोट: प्राधिकरणमा चैत २० गतेसम्म प्राप्त दाबीको विवरणको आधारमा।*

इन्जिनियरिङतर्फ ३७ लाख बराबरको दाबी परेको प्राधिकरणको तथ्यांक छ। विविधमा भने करिब १० लाखको दाबी परेको छ। उक्त दाबी ११ बिमा कम्पनीले भुक्तानी गर्नुपर्ने छ। चैत २० गतेसम्म परेको उक्त दाबी रकममध्ये सबैभन्दा बढी राष्ट्रिय बिमा कम्पनीमा १ करोड २७ लाख रुपैयाँ बराबरको दाबी परेको छ। सिद्धार्थ प्रिमियर इन्स्योरेन्समा पनि १ करोड १७ लाख ५० हजारको हुलदंगामा भएको क्षतिको दाबी परेको हो।

अभिलेख संख्याका आधारमा नेशनल इन्स्योरेन्समा ११ वटा दाबी परेको छ। दाबी भुक्तानी सुरु भने शिखर इन्स्योरेन्सले गरेको छ।

» बाँकी पृष्ठ ६


## वरिष्ठ पत्रकार रिसालको निधन



**काठमाडौं** (अन्नपूर्ण) : वरिष्ठ पत्रकार भैरव रिसाल को ९७ वर्षको उमेरमा आइतबार निधन भएको छ। उपचारका क्रममा उनको निधन भएको हो। वरिष्ठ पत्रकार रिसालको पुरानो बानेश्वरस्थित फ्रन्ट लाइन अस्पतालमा आइतबार साँझ ८ बजे निधन भएको हो।

पत्रकार रिसालले मृत्युपश्चात् आफ्नो शरीर ललितपुरस्थित पाटन अस्पताललाई दान दिने निर्णय गरेका थिए। सोहीअनुसार रिसालको शव पाटन अस्पताललाई दिइएको उनका भाइ पुरु रिसालले अन्नपूर्ण पोस्ट्लाई बताए। भाइ पुरु रिसालका अनुसार भैरव रिसालको कुनै पनि अन्त्येष्टिका कार्यक्रम हुने छैन। वरिष्ठ पत्रकार रिसाल विसं.१९८५ सालमा जन्मिएका थिए।

२०१३ सालबाट रिसालले पत्रकारिता सुरु गरेका थिए। रिसालले २०१८ सालको जनगणनाको क्रममा सुदूरपश्चिममा खटिएका थिए। सो क्रममा रिसाल कालापानी लिम्पियाधुरासम्म पुगेका थिए। त्यतिबेला ती क्षेत्र जनगणनामा समेटिएका थिए।




# २२०० वर्ष पुराना संरचना, मन्दिरको भग्नावशेष पनि भेटियो

## किचकबधमा आठौं चरणको उत्खनन

**पार्थ मण्डल** | *झापा*

२२ सय वर्ष पुरानो संरचना भेटिएको किचकबधमा पुरातत्त्व विभागको टोलीले आठौं चरणको उत्खनन गरेको छ। महाभारतकालीन किंवदन्तीसँग जोडिएको झापाको भद्रपुर नगरपालिका २ र ३ वडामा पर्ने किचकबधमा आठौं चरणको उत्खनन गर्दा १५/७५ र १७/५० मिटर लम्बाइ भवनको भग्नावशेष फेला परेको पुरातत्त्वविद् उद्धव आचार्यले जानकारी दिए।

सातौं पटकको उत्खननको क्रममा एउटा भवनको भग्नावशेष फेला परेको थियो। भवनको पूर्ण भग्नावशेष फेला नपरेपछि यस पटकको उत्खननले त्यसलाई पूर्णता दिएको पुरातत्त्वविद् आचार्यले बताए।

'दरबार आकृतिको भवन हेर्दा पाँचै तिर मान्छे बस्ने र भवनको बीचमा एउटा मन्दिर



(धार्मिकस्थल) को भग्नावशेष फेला परेको छ,' पुरातत्त्वविद् आचार्यले भने, 'उत्खननको क्रममा भेटिएको मन्दिर धेरै महत्त्वपूर्ण हुनुपर्छ, त्यहाँ कुनै मूर्ति वा अन्य सामग्री चाहिँ भेटाइएन।' मन्दिरको प्रयोजनका लागि बनाइएको र त्यसको अध्ययन आवश्यक रहेको उनले बताए। 'यो संरचना एउटा आवासीयस्थल पनि हो,' उनले थपे।

पुरातत्त्व विभागले किचकबधमा उत्खननको क्रममा फेला परेका इँटालगायत अन्य सामग्रीहरूलाई वैज्ञानिक परीक्षणका लागि २०७७ सालमा बेलायत पठाएको थियो। ल्याब रिपोर्टअनुसार त्यहाँ भेट्टाएका संरचना २२ सय वर्ष पुरानो भनेर पुष्टि भएर आएको आचार्यको भनाइ छ।

यस पटक उत्खनन गरिएको भवनदेखि उत्तरतर्फ पनि एउटा भवनको भग्नावशेष छ। त्यहाँ उत्खनन गर्दा महत्त्वपूर्ण सामग्रीहरू (बाँण, भाला, ढुंगाका भाँडाकुँडा, माटाका मूर्तिहरू र इँटा) फेला परेको उनले बताए।

'यहाँ उत्खनन गर्नुपर्ने धेरै ठाउँ छ। विभागले चार हप्ताका लागि पठाउँछ। अन्य ठाउँहरू जस्तै कम्तीमा तीन महिना लगातार उत्खननका गर्न पाए धेरै उपलब्धि प्राप्त हुने थियो,' उनले भने।

त्यो भवनको उत्खनन पनि बाँकी नै छैन। त्यहाँ एउटा टहरा घर, किचकबधको पुरानो मूर्ति र दुई वटा पीपलको अग्लो रुख रहेकोले उत्खनन हुन सकेको छैन। त्यस ठाउँमा उत्खनन गरिएमा महत्त्वपूर्ण पुरातात्त्विक सामग्री फेला पर्न सक्ने प्रबल सम्भावना रहेको पुरातत्त्व अधिकृत नवीन अधिकारीले बताए।

» बाँकी पृष्ठ ६